# पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु वनाएको छ :-

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) 'ऐन' भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ सम्झनु पर्दछ ।

(ख) 'नि:संक्रमण' भन्नाले कुनै बस्तुमा भएको संक्रमणलाई रसायनिक वा भौतिक विधिव्दारा मुक्त गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

(ग) 'शीत भण्डार' भन्नाले पशुजन्य पदार्थ, जैविक पदार्थ वा पशु उत्पादन सामग्रीहरुको गुणस्तर नबिग्रियोस् भन्ने हेतुले प्राविधिक दृष्टिकोणवाट उपयुक्त शीत तापक्रममा भण्डार गर्ने स्थल सम्झनु पर्दछ ।

(घ) 'प्रामाणिक प्रमाण पत्र' भन्नाले सम्वन्धित मुलुकको पशु क्वारेन्टाइन अधिकृत वा आधिकारिक पशु चिकित्सकले प्रमाणित गरेको प्रमाण पत्रलाई जनाउंदछ ।

(ङ) 'क्वारेन्टाइन प्रमाण पत्र' भन्नाले पैठारी हुने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीहरु क्वारेन्टाइन प्रक्रिया पुरा गरी क्वारेन्टाइन अधिकृतले दिने प्रमाण पत्र सम्झनु पर्दछ ।

(च) 'भेटेरिनरी अधिकृत' भन्नाले भेटेरिनरी विषयमा न्यूनतम स्नातकोपाधि प्राप्त गरको श्री ५ को सरकारको वहालवाला अधिकृत सम्झनु पर्दछ ।

(छ) 'जैविक सुरक्षा' भन्नाले कुनै पनि पशु पंक्षी फार्महरुले वाहिरी वातावरणवाट भित्र फैलन सक्ने विभिन्न संक्रमणलाई रोक्न अपनाएको उपायहरु सम्झनु पर्दछ ।

## परिच्छेद -२
## पशु क्वारेन्टाइन सम्वन्धी व्यवस्था

३. **पशु क्वारेन्टाइन स्थल** : (१) क्वारेन्टाइन स्थल निमाण गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड देहाय बमोजिम हुने छ :

(क) पशु पालन क्षेत्र, पशु फार्म, पशु वधशाला, पशु हाट-बजार र पशुको प्रत्यक्ष ओहोर-दोहर हुने ठाउंवाट कम्तिमा ५०० मिटरको दुरी भएको,

(ख) क्वारेन्टाइनमा राखिएका पशुहरुको वाहिरी जनावरहरुसंग सम्पर्क हुन नपाउने गरी बार वन्देजको ब्यवस्था भएको,

(ग) भिन्ना भिन्नै जातिका पशुहरु तथा भिन्न भिन्नै लटमा प्रवेश गर्ने पशुहरु राख्नको लागि अलग अलग ठाउंको  व्यवस्था भएको,

(घ) पशुहरुको निम्ति उपयुक्त पिउने पानी, विजुली तथा ढल निकासको व्यवस्था भएको,

(ङ) पशुहरुको प्रवेश तथा प्रस्थान गराउनको लागि एउटै  मुलद्धार भएको,

(च) निःसंक्रमण गर्नको लागि यथेष्ठ स्थान र निःसंक्रमण गर्न प्रयोग हुने रसायन तथा सामग्रीहरु भण्डार गर्ने स्थान भएको,

(छ) आवश्यक दाना, पानी, घांस पराल आदि राख्ने ठाउं भएको,

(ज) पशुहरुलाई परिवहनको साधनबाट ओराल्न र उकाल्न प्लेटफार्मको व्यवस्था भएको,

(झ) सजिलैसंग सफा गर्न र निःसंक्रमण गर्न सकिने भै सुख्खा राख्न सकिने किसिमको भुई निर्माण गरिएको,

(ञ) पशु, पशु जन्य पदार्थ वा पशु उत्पादन सामग्री राख्नको लागि पर्याप्त स्थान भएको,

(ट) शीत भण्डार गरी राख्नु पर्ने वस्तुहरु भएमा त्यस्ता वस्तुहरु राख्ने व्यवस्था मिलाइएको,

(ट) कम्तिमा चार रोपनी जग्गा भएको ।

(२) गैर सरकारी क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न चाहनेले विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(३) विभागले उपनियम (२) वमोजिम पर्न आएको निवेदन उपर आवश्यक जांचबुझ गरी अनुमति प्रदान गर्न उपयुक्त देखेमा श्री ५ को सरकार समक्ष सिफारिश गर्नेछ ।

(४) पशु क्वारेन्टाइन स्थल भित्र अन्य कुनै व्यवसाय गर्न पाइने छैन ।

४. **पशुहरुलाई क्वारेन्टाइनमा राखिने अवधि** : (१) जुन मुलुकबाट पशु पैठारी गरिने हो सो मुलुकमा नेपालमा विद्यमान रोगको विरुद्ध खोप लगाएको अध्यावधिक र प्रामाणिक प्रमाण-पत्र पेश भएमा क्वारेन्टाइन अधिकृतले त्यस्ता पशुहरुलाई जांची छाड्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खोपको प्रमाण-पत्र विना पैठारी गरिएका पशुको हकमा देहायका रोगको लागि देहायको अवधि सम्म र अन्य रोगको हकमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अवधि सम्म क्वारेन्टाइनमा राख्नु पर्ने छ :-

| | |
|---|---|
| (क) रिण्डरपेष्ट (Rinderpest) | - २१ दिन |
| (ख) फुट एण्ड माउथ डिजिज (Foot & Mouth Disease) | - १४ दिन |
| (ग) पेष्टिस डेस पेटिटिस रुमिनान्टस् (Pestes des Petits Ruminants) | - २१ दिन |
| (घ) लम्पी स्किन रोग (Lumpy Skin Disease) | - २१ दिन |
| (ङ) सिप पक्स एण्ड गोट पक्स (Sheep and Goat Pox) | - २१ दिन |
| (च) ब्लुटङ्ग (Blue fongue) | - ४० दिन |
| (छ) अफ्रिकन स्वाइन फिभर (African Swine Fever) | - ४० दिन |
| (ज) ल्कासिकल स्वाइन फिभर (Classical Swine Fever) | - ४० दिन |
| (झ) अफ्रिकन हर्ष सिकनेस (African Horse Sickness) | - ४० दिन |

(३) उपनियम (२) मा उल्लेख भएदेखि बाहेकका रोगको सम्वन्धमा क्वारेन्टाइनमा राख्नु पर्ने अवधि तोक्दा रोगको कारक तत्व (Pathogen) शरीरमा प्रवेश गरेपछि रोगका लक्षण देखा पर्ने समय (Incubation period) संग मेल खाने गरी तोक्नु पर्ने छ ।

(४) क्वारेन्टाइन अवधि पूरा गरेका पशुलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकी दिएका संक्रामक रोग विरुद्ध खोप लगाई छाडिने छ । त्यस्तो खोप लगाउंदा लागेको खर्च सम्वन्धित पैठारीकर्ताले व्यहोर्नु पर्नेछ ।

(५) मरेको पशु, दाना, सोत्तर, मलमूत्र वा पशुसंग सम्वन्धित वा पशुबाट निस्केका वस्तुहरु सम्वन्धित क्वारेन्टाइन अधिकृतको लिखित आदेश विना क्वारेनटाइन स्थलबाट बाहिर लैजान पाइने छैन ।

५. **परीक्षण गर्ने कार्यविधि** : (१) क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधि देहाय बमोजिम हुने छ :-

(क) पशु परीक्षण गर्ने कार्यविधि :-

(१) शारीरिक निरीक्षण तथा क्लिनिकल परीक्षण गर्ने,

(२) आवश्यकता अनुसार प्रयोगशाला परीक्षण गर्ने,

(३) संक्रामक रोग भएको शंका लागेको अवस्थामा अन्य रोग परीक्षणको प्रविधि समेत प्रयोग गर्ने ।

(ख) पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधि :-

(१) निर्यात गर्ने देशबाट जारी गरिएको प्रमाण पत्रमा उल्लेख भए अनुसार कै भौतिक रुप भए नभएको जांच गर्ने,

(२) बास्ना, रंग एवं वस्तुको अवस्थाको संवन्धमा परीक्षण गर्ने,

(३) अवशेषहरु, संक्रमण गर्ने तत्वहरु तथा परिवर्तित संकेतहरुको पहिचान गर्ने,

(४) उपयुक्त तापक्रममा यथेष्ट समयसम्म रहे नरहेको पहिचान गर्ने,

(५) तौल, प्याकिङ्ग, लेवुल तथा सिलवन्दी ठीक भए नभएको जांच्ने ।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम गरिने परीक्षणको लागि कम्तिमा १० प्रतिशत प्याकेज तथा पार्शलहरु नमूनाको रुपमा लिनु पर्नेछ । तर क्वारेन्टाइन अधिकृतले आवश्यक देखेमा सो भन्दा बढी प्याकेज तथा पार्शलहरुको परीक्षण गर्न सक्नेछ ।

(३) कुनै पशु, पशु जन्य पदार्थ वा पशु उत्पादन सामग्रीको प्रयोगशाला परीक्षणको नतिजा तुरुन्त उपलव्ध हुन नसक्ने भएमा र त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीबाट जनस्वास्थ्य तथा पशु स्वास्थ्यमा प्रत्यक्ष दुष्प्रभाव पर्न सक्ने अवस्था नभएमा त्यस्तो लटका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नमूना संकलन गरी सकेपछि छाडी दिनु पर्नेछ ।

(४) पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको भौतिक तथा प्रयोगशाला परीक्षण पूरा भै सकेपछि त्यस्तो पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीका पार्शल तथा प्याकेजहरुमा संख्या तथा वजन उल्लेख गरी पुनः शील लगाई छाडिने छ ।

६. **पशु क्वारेन्टाइन चेकपोष्ट** : (१) पशु क्वारेन्टाइन चेकपोष्टले गर्नु पर्ने कार्यहरु देहाय वमोजिम हुनेछन् :

(क) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेटाइनमा राखी निरीक्षण गर्ने र पशुहरुको लागि दाना, पानी तथा औषधि उपचार भए वा नभएको जांच गर्ने,

(ख) प्रयोगशाला परीक्षणको लागि पठाइएको नमूनाको नतिजा प्राप्त नभएसम्म पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको भण्डारण उपयुक्त किसिमले गरे नगरेको निरीक्षण गर्ने,

(ग) प्रत्येक लटका पशुहरु लगेपछि क्वारेन्टाइन स्थलको सरसफाई र निःसंक्रमण गराउने,

(घ) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परिवहन गर्न प्रयोग गरिएका सवारी साधनहरु राम्रोसंग सरसफाई तथा निःसंक्रमण भए नभएको निरीक्षण गर्ने,

(ङ) अन्तर्राष्ट्रिय परिवहनका साधनहरुव्दारा निष्काशित फोहर मैला उचित तरीकाले रोग नफैलने गरी व्यवस्था भएको छ वा छैन निरीक्षण गर्ने,

(च) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीसंग सम्वन्धित प्रमाण पत्र र अन्य कागजातहरु जांच्ने,

(छ) पैठारी गरिएका पशुमा कुनै संक्रामक रोग भएको पाइएमा वा शंका लागेमा सो विषयमा स्थानीय पशु सेवा कार्यालय, विभाग, मन्त्रालय र अन्य सम्वन्धित निकायलाई छिटो साधनव्दारा सूचना पठाउने,

(ज) पैठारी गरिएका पशुमा संक्रामक रोग भएको र पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा कुनै हानीकारक तत्व भएको शंका लागेमा त्यसको नमूना संकलन गरी परीक्षणको लागि विभागले तोकेको प्रयोगशालामा पठाउने र परीक्षणको नतिजा प्राप्त नभएसम्म त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइनमा राख्ने,

(झ) छिमेकी मुलुकका क्वारेन्टाइन चेकपोष्टसंग सम्पर्क तथा समन्वय कायम राख्ने ।

(२) कुनै विमानस्थल संक्रमण स्थल हो भनी सम्वन्धित अधिकारीबाट घोषणा नभएसम्म त्यस्तो विमानस्थलमा अवतरण भै आएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ढुवानी गरेको कुनै पनि विमानलाई संक्रमण क्षेत्रवाट आएको नमानी त्यस्ता पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री, पशु उत्पादन सामग्री छाडी दिनु पर्नेछ । तर ढुवानी गरिएका पशु वा पशुजन्य पदार्थहरु बीचमा कतै विमान वाहिर उतारिएको अवस्थामा त्यसलाई सिधा परिवहन भएको मानिने छैन ।

७. <u>**क्वारेन्टाइन प्रमाण पत्र**</u> : (१) पैठारी हुने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइनमा राखी जांच गरी सकेपछि अनुसूची १ वमोजिमको ढांचामा क्वारेन्टाइन प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(२) निकासी हुने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको हकमा अनुसूची २ वमोजिमको ढांचामा प्रमाण पत्र उपलव्ध गराउनु पर्नेछ ।

(३) उपनियम (२) वमोजिमको प्रमाण पत्र क्वारेन्टाइन अधिकृत वा विभागले तोकेको भेटनरी अधिकृतले प्रदान गर्नेछ ।

८. **निकासी वा पैठारी सम्वन्धी सिफारिश** : (१) जैविक पदार्थ, चल्ला वा माछाका भुरा वा पशु दाना निकासी वा पैठारी गर्न चाहनेले अनुसूची ७ मा उल्लेख भएको ढांचामा सिफारिशको लागि विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिमको सिफारिश पत्र लिनको लागी अनुसूची ८ मा उल्लेख भए बमोजिमको दस्तुर लाग्ने छ ।

९. **निकासी गर्दा पालन गर्नु पर्ने शर्त** : (१) निकासीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्दा देहायका शर्तहरु पालन गर्नु पर्ने छ :-

(क) विभागवाट सिफारिश पत्र लिएको हुनु पर्ने,

(ख) निकासी गरिने मुलुकमा कुनै खास रोगको खोप दिएको पशु मात्र पैठारी गर्न पाउने व्यवस्था रहेछ भने त्यस्तो खोप लगाएको आधिकारिक प्रमाण-पत्र प्राप्त गरेको,

(ग) निकासी गर्न लागेको पशुको किसिम, जाति, प्रजाति र संख्याको वारेमा क्वारेन्टाइन अधिकृतलाई पूर्व सूचना गर्नु पर्ने,

(घ) निकासी हुने पशुको हकमा क्वारेन्टाइन अधिकृतले निर्यात योग्य छ भनी विवरण सहित उपयुक्त चिन्ह लगाएको हुनु पर्ने,

(ङ) आधिकारिक पशु चिकित्सकबाट प्रदान गरिने निरोगिता सम्वन्धी प्रमाण-पत्र प्राप्त गरेको,

(च) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्दा प्रयोग गरिने सवारी साधन निःसंक्रमण गरिएको हुनु पर्ने,

(छ) निकासी गरिने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइन अधिकृतद्वारा परीक्षण गराउने,

(२) उपनियम १ को खण्ड क अनुसारको सिफारिश पत्रको लागि पशुको हकमा अनुसूची ३ र पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीको हकमा अनुसूची ४ मा उल्लेख भए वमोजिम हुनेछ ।

१०. **पैठारी गर्दा पालन गर्नु पर्ने शर्त** : (१) पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा देहायका शर्तहरु पालन गर्नु पर्ने छ :-

(क) विभागवाट सिफारिश पत्र लिएको हुनु पर्ने,

(ख) पैठारी गरिने पशुहरु मध्ये कुनै पशुको वाटोमा मृत्यु भएको भए सो को विवरण क्वारेन्टाइन अधिकृत समक्ष पेश गर्ने,

(ग) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा प्रयोग गरिने सवारी साधन निःसंक्रमण गरिएको हुनु पर्ने,

(घ) पैठारी गरिने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको विभागवाट प्राप्त सिफारिश पत्र सहितको विवरण क्वारेन्टाइन अधिकृत समक्ष पेश गर्ने ।

(२) उपनियम १ को खण्ड क अनुसारको सिफारिश पत्रको लागि पशुको हकमा अनुसूची ३ र पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीको हकमा अनुसूची ४ मा उल्लेख भए वमोजिम हुनेछ ।

११. **अनुमति-पत्र लिनु पर्ने** : जैविक पदार्थ, चल्ला, माछाका भुरा बिक्री वितरण वा मासु प्रशोधन गर्न चाहनेले विभागबाट अनुमति-पत्र लिनु पर्ने छ । अनुमति पत्र प्राप्त गर्नको लागि दिनु पर्ने दरखास्तको ढांचा अनुसुची ५ र लाग्ने दस्तुर अनुसूची ८ मा उल्लेख भए बमोजिम हुनेछ ।

१२. **लिलाम विक्री गर्ने व्यवस्था** : (१) क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइन प्रमाण पत्र प्रदान गरेको वा परीक्षण समाप्त भएको मितिले २ दिन भित्र पैठारीकर्ताले लैजानु पर्छ ।

(२) कुनै पैठारीकर्ताले उपनियम (१) को म्याद भित्र क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नलगेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जफत गरी लिलाम विक्री गर्न सक्नेछ ।

(३) उपनियम (२) वमोजिम लिलाम विक्री हुने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री लिलाम गर्न क्वारेन्टाइन अधिकृतले अवस्था हेरी ७ दिनदेखि १५ दिनसम्मको म्याद दिई देहायका कुराहरु समेत खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ :

(क) विवरण
(ख) न्यूनतम मूल्य
(ग) लिलाम वढावढ हुने स्थान, समय र मिति

(घ) न्यूनतम मूल्यवाट नै वढावढ शुरु हुने कुरा
(ङ) लिलाम सकार गर्न वोलिएको अंकको ५ प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा
(च) अन्य आवश्यक कुराहरु

(४) उपनियम (३) को खण्ड (ख) वमोजिम न्यूनतम मूल्य निर्धारण गर्नको लागि देहाय वमोजिमको समिति रहनेछ :-

(क) क्वारेन्टाइन अधिकृत
(ख) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि
(ग) जिल्ला प्रशासन कार्यालय वा भन्सार कार्यालयको प्रतिनिधि

(५) लिलाम सकार गरेको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री तोकेको अवधि भित्र कबोल गरेको पूरा रकम वुझाई नउठाएमा राखिएको धरौटी जफत गरी पुनः लिलाम गर्न सकिने छ ।

(६) लिलाम वढावढ गर्दा न्यूनतम मूल्य कवोल नगरेमा पुनः लिलाम वढावढ गराउनु पर्नेछ । यसरी पुनः लिलाम गर्दा न्यूनतम मूल्यको १० प्रतिशतसम्म घटी कबोल हुन आएमा पनि लिलाम बिक्री गर्न सकिने छ । यसो गर्दा पनि लिलाम वढावढ हुन नसकेमा क्वारेन्टाइन अधिकृतले जिल्ला प्रशासन कार्यालय वा भन्सार कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रोहवरमा सिधै विक्री गर्न सक्नेछ ।

१३. **उद्योग स्थापना सम्वन्धी व्यवस्था** : (१) पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री, जैविक पदार्थ, चल्ला, माछाका भुरा उत्पादन गर्ने (ह्याचरी) वा पशु दाना वा मासु प्रशोधन सम्वन्धी उद्योग स्थापना गर्न चाहनेले अनुसुची ६ वमोजिमको ढांचामा सिफारिशको लागि विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिमको सिफारिश पत्रको लागि अनुसूची ८ मा उल्लेख भए बमोजिमको दस्तुर लाग्नेछ ।

१४. **गुणस्तर सम्वन्धी व्यवस्था** : पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री, जैविक पदार्थ, चल्ला, माछाका भुरा वा मासु प्रशोधनको गुणस्तर तथा मापदण्ड विभागका महानिर्देशक वा निजले तोकेको उप-महानिर्देशकको अध्यक्षतामा गठित समितिले निर्धारण गरे वमोजिम हुनेछ । उक्त समितिमा सम्वन्धित महाशाखा तथा शाखा प्रमुखहरु र विषय विशेषज्ञहरु सदस्य रहनेछन् ।

१५. **पशु नस्ल सुधार सम्वन्धी व्यवस्था** : (१) ऐनको दफा १६ वमोजिमको सूचना प्रकाशन गर्ने कार्यमा सहयोग पुऱ्याउनको लागि देहाय वमोजिमको एउटा निर्देशन समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) सचिव, कृषि मन्त्रालय | अध्यक्ष |
| (ख) महा-निर्देशक, पशु सेवा विभाग | सदस्य |

(ग) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद सदस्य
(घ) अध्यक्ष, नेपाल पशु चिकित्सा परिषद सदस्य
(ङ) उप महा-निर्देशक, पशु सेवा विभाग सदस्य सचिव

(२) उपनियम (१) वमोजिम गठित निर्देशन समितिले आफ्नो कार्यविधि आफै नियमित गर्नेछ ।

(३) उपनियम (१) वमोजिम गठन भएको निर्देशन समितिको निर्णय कार्यान्वयन गर्ने र उक्त समितिलाई आवश्यक प्राविधिक सहयोग उपलव्ध गराउने जिम्मेवारी विभागको हुनेछ ।

(४) विभागले पशु नस्लको वर्गीकरण, पशु नसलको संरक्षण तथा पशु प्रजनन नीति तयार गरी निर्देशन समिति समक्ष पेश गर्नेछ ।

१६. **नष्ट गर्ने कार्यविधि** : (१) कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ऐनको दफा १४ र २९ वमोजिम नष्ट गर्नु पर्दा अवस्था हेरी जलाउने वा कम्तीमा ३ फीट गहिरो खाडल खनी पुरिने गरी विभागले निर्धारण गरेको प्रक्रिया अनुसार गाड्नु पर्नेछ ।

(२) ढुवानी गर्दाकै अवस्थामा कुनै पशुको मृत्यु भएमा त्यस्तो सिनो रोग संक्रमण हुन नपाउने गरी वाहिर ल्याउनु पर्नेछ र उपनियम (१) वमोजिम नष्ट गर्नु पर्नेछ । त्यस्तो पशु ढुवानी गरिएको सवारी साधन समेत निःसंक्रमण गर्नु पर्नेछ ।

१७. **भेटनरी निरीक्षकको काम, कर्तव्य र अधिकार** : भेटनरी निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय वमोजम हुनेछ :-

(क) पशु औषधि वा जैविक पदार्थको गुणस्तर जांच गर्ने,

(ख) पशु औषधि वा जैविक पदार्थको गुणस्तर जांच गर्नको लागि नमूना संकलन गरी विभागमा पठाउने,

(ग) म्याद नाधेका पशु औषधि वा जैविक पदार्थ भेटिएमा आवश्यक कारवाहीको लागि विभागमा लेखी पठाउने,

(घ) पशु औषधि वा जैविक पदार्थको बिक्री वितरण आधिकारिक व्यक्तिवाट भए नभएको जांच गरी विभागलाई जानकारी गराउने,

(ङ) सरकारी तथा निजी क्षेत्रमा सञ्चालित व्यावसायिक फार्महरुले पशुहरुलाई नियमित रुपमा खोप दिए नदिएको, जैविक सुरक्षाका उपायहरु अवलम्वन गरे नगरेको जांच गर्ने,

(च) खण्ड (ङ) वमोजिम जांच गर्दा पशुहरुमा रोग लागेको पाइएमा वा शंका लागेमा त्यस्ता पशुहरुलाई नष्ट गर्ने, छुट्टै राख्ने वा बिक्री वितरण गर्न रोक्का गर्ने र सो कुराको जानकारी यथाशिध्र विभागलाई दिने,

(छ) यस नियमावली वमोजिम विभागवाट सिफारिश पत्र वा अनुमति पत्र पाएकाहरुले गुणस्तर कायम गरे नगरेको जांच गरी विभाग समक्ष प्रतिवेदन पेश गर्ने,

(ज) पशु नस्ल सुधार सम्वन्धमा सुझाव संकलन गरी विभागमा पठाउने,

(झ) पशु नस्ल सुधार लागु गरिएको क्षेत्रमा भाले जातको पशुहरुलाई खसी पार्ने कार्य गर्ने गराउने,

(ञ) पशु नस्ल सुधार सम्वन्धमा जनचेतना अभिवृध्दि गर्न प्रचार प्रसार गर्ने,

(ट) पशु नस्ल सुधारको लागि पशुहरुको जाती र वीर्यको उपयोग सिफारिश गरिए अनुसार भए नभएको अनुगमन गर्ने,

(ठ) विभागले तोकी दिएका अन्य काम गर्ने ।

१८. **कर्मचारीको पोशाक :-** पशु क्वारेन्टाइन चेकपोष्ट तथा क्वारेन्टाइन स्थलमा काम गर्ने कर्मचारीहरुले ड्यूटीमा रहंदा लगाउनु पर्ने पोशाक विभागले निर्धारण गरे अनुसारको हुनेछ ।

१९. **अनुसूचीमा हेरफेर तथा थपघट :-** श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

२०. **कार्यविधि वा निर्देशिका वनाउने अधिकार :-** यो नियमावलीको कार्यान्वयनको लागि श्री ५ को सरकारले आवश्यक कार्यविधि वा निर्देशिका वनाई लागू गर्न सक्नेछ ।

अनुसूचि - १
(नियम ७ को उपनियम (१) संग सम्वन्धित)

श्री ५ को सरकार
कृषि मन्त्रालय
पशु सेवा विभाग
**पशु क्वारेन्टाइन चेकपोष्ट**
.......................

मिति :-

# क्वारेन्टाइन प्रमाण - पत्र

. . . . . . .अञ्चल . . . . . . .जिल्ला . . . . . . . . . . गा.वि.स./ न.पा. वडा नं . . . का श्री . . . . . . . . . . . . ले मिति . . . . . . . . . . .मा . . . . . . .(मुलुक) वाट . . . . . . . . . . . .जिल्ला . . . . . . . . . गा.वि.स./ न.पा. सम्म . . . . . . . . . . . . . . . . प्रयोजनको लागि आयात गर्नु भएको गाई/गोरु/रागो/सांडे/बाखा/भेडा . . . . . . . . . यस क्वारेन्टाइन चेकपोष्टवाट निरीक्षण गर्दा तपसिलका प्रमाणहरु दुरुस्त पाइएको र परीक्षण गर्दा रोग संक्रमण गर्न सक्ने सम्भाव्यता नदेखिएको हुंदा यस स्थान देखि . . . . . . .सम्म मिति . . . . . . . . . . भित्रमा पुऱ्याउने गरी यो प्रमाण पत्र दिइएको छ ।

**तपसिल**

(१)
(२)
(३)
(४)

**क्वारेन्टाइनवाट छाडिएको वस्तुको विवरण :-**

| बस्तुको नाम | तौल / संख्या | कैफियत |
|---|---|---|
| (१) | | |
| (२) | | |
| (३) | | |
| (४) | | |

. . . . . . . . . . . . . . . . .
( **क्वारेन्टाइन अधिकृत** )

अनुसूचि - २
(नियम ७ को उपनियम २ संग सम्बन्धित)

**His Majesty's Government**

**Ministry of Agriculture**

**Department of Livestock Services**

**Animal Quarantine Check Post**

# Health Certificate for Dogs and Cats

---

*I.* *OWNER*

Name and address:.........................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

*II.* *DESCRIPTION*

Species of animal:.........................................................................................

Age or date of birth:......................................................................................

Sex:.................................................................................................................

Breed:.............................................................................................................

Colour:...........................................................................................................

Coat type and marking/distinguishing marks:..............................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

Identification number (tattoo or other permanent method of identification)
(see note 1)

*III. ADDITIONAL INFORMATION*

Country of origin:........................................................................................................

Countries visited over the past two years by the owner (give dates):

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

*IV. VACCINATION*

I the undersigned declare herewith that I have vaccinated the animal described in Part II against rabies as shown below. The animal was found to be healthy on the day of vaccination.

| Date of vaccination (dd/mm/yy) | Name of inactivated virus vaccine (see note 2) | 1. Manufacturing laboratory<br>2. Batch No.<br>3. Expiry date | Name (in block letters) and signature of the veterinarian (see note 6) |
|---|---|---|---|
| | | 1.<br>2.<br>3. | |

| PERIOD OF VALIDITY OF VACCINATION FOR INTERNATIONAL MOVEMENT (see note 3) | | Name (in block letters) and signature of the official veterinarian |
|---|---|---|
| from (dd/mm/yy) | to (dd/mm/yy) | |
| | | |

*V. SEROLOGICAL TESTING*

I the undersigned declare herewith that I have taken a blood sample from the animal described in Part II and have received the following result from the official diagnostic laboratory which has carried out the neutralising antibody titration test (*see* note 4).

| Date of sampling (dd/mm/yy) | Name and address of the official diagnostic laboratory | Result of the antibody titration test (in IU/ml) | Name (in block letters) and signature of the veterinarian (see note 6) |
|---|---|---|---|
| | | | |

| PERIOD OF VALIDITY OF SEROLOGICAL TESTING FOR INTERNATIONAL MOVEMENT (see note 3) | | Name (in block letters) and signature of the official veterinarian |
|---|---|---|
| from (dd/mm/yy) | to (dd/mm/yy) | |
| | | |

*IV.* *CLINICAL EXAMINATION*

I the undersigned declare herewith that I have examined on the date indicated below the animal described in Part II and have found it to be clinically healthy (see note 5).

| Date of vaccination (dd/mm/yy) | Name (in block letters) and signature of the veterinarian | Name (in block letters) and signature of the official veterinarian |
| --- | --- | --- |
| | | |

# NOTE

1. The identification number stated in the certificate should be identical to that which can be found on the animal. When electronic identification is used. The type of microchip and the name of the manufacturer should be specified.

2. Solely inactivated virus vaccines are authorised for international movements of dogs and cats.

3. a) In the case of a primary vaccination, the animal should have been vaccinated not less than six months and not more than one year prior to its introduction into the importing country; the vaccination should have been carried out when the animal was at least three months old.

   b) In the case of a booster vaccination the animal should have been vaccinated not more than one year prior to its introduction into the importing country.

4. The animal should have been subjected not less than 3 months and not more than 24 months prior to its introduction into the importing country to a neutralising antibody titration test. It should be carried out by an official diagnostic laboratory approved by the competent authority of the exporting country. Its serum should contain at least 0.5 IU/ml.

5. The clinical examination referred to in Part VI of the certificate must be carried out within 48 hours of shipment.

**The competent authority of the importing country may require the placing of the animals which do not comply with any of the above mentioned conditions in a quarantine station located on its territory; the conditions of stay in quarantine are laid down by the legislation of the importing country.**

6. If the veterinarian whose name and signature appear on the certificate is note an official veterinarian, his signature must be authenticated in the relevant column by the signature and tamp of an official veterinarian. The expression “Official Veterinarian” means a civil service veterinarian or a specially appointed veterinarian, as authorised by the Veterinary Administration of the country.

7. If so required, the certificate should be written in the language of the importing country. In such circumstances, it should also be written in a language understood by the certifying veterinarian.

अनुसूचि - २

(नियम ७ को उपनियम २ संग सम्वन्धित)

**His Majesty's Government**

**Ministry of Agriculture**

**Department of Livestock Services**

**Animal Quarantine Check Post**

# Health Certificate for Domestic or Wild Animals

---

Exporting Country:...............................................................................................

Ministry of:..........................................................................................................

Department:........................................................................................................

Province or District etc.:.....................................................................................

*I. Identification of the animal/s*

| Official ear mark | Breed | Sex | Age |
|---|---|---|---|
| | | | |

*II. Origin of the animal/s*

Name and address of exporter..............................................................................

.................................................................................................................................

Place of origin of the animal/s............................................................................

.................................................................................................................................

*III.* *Destination of the animal/s*

Name and address of consignee:..................................................................................
.........................................................................................................................
.........................................................................................................................

Nature and identification of means of transport:......................................................
.........................................................................................................................

*IV.* *Sanitary information*

The undersigned Official Veterinarian certifies that the animal/s described above and examined on this day:

a) shows/show no clinical sign of disease;

b) satisfies/satisfy the following requirements.**

Official stamp:

Issued at ......................................on.................................

Name and address of Quarantine Officer.........................
.........................................................................................
........................................................................

Signature..........................................................................

---

* It is recommended that individual certificates be drawn up for breeding animals.

** These conditions are agreed between the Veterinary Services of the importing and exporting countries in accordance with the options provided in this Code.

अनुसूचि - २
(नियम ७ को उपनियम २ संग सम्वन्धित)

**His Majesty's Government**

**Ministry of Agriculture**

**Department of Livestock Services**

**Animal Quarantine Check Post**

# Health Certificate for Semen of Animals

---

Exporting Country:..........................................................................................................

Ministry of:.......................................................................................................................

Department:.......................................................................................................................

Province or District etc.:....................................................................................................

*I.* *Information concerning the donor animal**

Species:.......................................................................................................................

Breed:.........................................................................................................................

Name:.........................................................................................................................

Date of birth:............... ........................................................................................

Place of birth:..............................................................................................................

Registered entry in the herd/stud book:.....................................................................

Date of approval of animal for AI purposes:...........................................................

........................................................................................................................................

*II.* *Informatioon concerning the semen**

Date of collection:......................................................................................................

Quantity and packaging of exported semen:...............................................................

........................................................................................................................................

*III.* *Origin of the semen*

Name and address of exporter (AI centre or exporting owner):................................

........................................................................................................................................

*IV.* *Destination of the semen*

Name and postal address of consignee:......................................................................

